# प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५

प्रस्तावनाः नेपालको संविधानको कार्यान्वयन मार्फत प्रदेशको समृद्धि एवं सन्तुलित र दीगो विकासको कार्यलाई तीव्रता दिन अध्ययन र विश्लेषणका आधारमा प्रदेश सरकारको नीति तथा योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयनमा सहजिकरण, अनुगमन तथा मूल्याङ्कन गरी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्ने विशिष्टिकृत निकायका रुपमा प्रदेश नीति तथा योजना आयोग गठन तथा कार्य सञ्चालन विधिलाई व्यवस्थित गर्न वान्छनीय भएकोले,

प्रदेश सरकारले यो आदेश जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ३ बमोजिमको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले दफा ३ बमोजिम प्रदेश नीति तथा योजना आयोग सम्झनु पर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले दफा ३ बमोजिमको उपाध्यक्ष सम्झनु पर्छ ।

(घ) "परिषद्" भन्नाले दफा ७ बमोजिमको प्रदेश विकास परिषद् सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शव्दले आयोगको उपाध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ ।

## परिच्छेद-२

## आयोगको गठन, बैठक तथा काम, कर्तव्य र अधिकार

३. आयोगको गठन :(१) प्रदेशको तीव्र आर्थिक समृद्धि, सन्तुलित तथा दिगो विकासका लागि दूरगामी सोच सहितको विकास नीति तथा योजनाको तर्जुमा, कार्यान्वयनमा सहजीकरण, अनुगमन र मुल्याङ्कन गर्नका लागि प्रदेश नीति तथा योजना आयोग गठन गरिएको छ ।

(२) आयोगमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहने छनः-

| | |
|---|---|
| (क) मुख्यमन्त्री | -अध्यक्ष |
| (ख) प्रदेश सरकारबाट नियुक्त एक जना | -उपाध्यक्ष |
| (ग) प्रदेश सरकारबाट नियुक्त कम्तीमा एक जना महिला सहित चार जना | -सदस्य |
| (घ) प्रमुख सचिव, प्रदेश सरकार | -सदस्य |
| (ङ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (च) सचिव, प्रदेश नीति तथा योजना आयोगको सचिवालय | - सदस्य-सचिव |

(३) उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिमका उपाध्यक्ष र सदस्यको नियुक्ति गर्दा देहायका विषय क्षेत्र लगायतको प्रतिनिधित्व हुने गरी विज्ञता र समावेशी आधारमा गरिनेछः-

(क) आर्थिक विकास,

(ख) सामाजिक तथा मानव विकास,

(ग) भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा,

(घ) अन्य प्राकृतिक स्रोत र मानव स्रोत व्यवस्थापन,

(ङ) सुशासन तथा व्यवस्थापन

(४) उपाध्यक्ष र उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिमका उपाध्यक्ष र सदस्यले आयोगमा पूर्णकालीन रुपमा कार्य गर्ने छन् ।

४. <u>आयोगको बैठक:</u> (१) आयोगको बैठक बर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बैठक बोलाउनेछ ।

(३) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(४) तत्काल कायम रहेका कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बैठकमा बहुमतले निर्णय गर्नेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) बैठकको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. <u>आयोगको नियमित बैठक:</u> (१) नियमित कार्य सञ्चालनको रेखदेख, नियन्त्रण, सुपरीवेक्षण एवं मूल्याङ्कनका लागि कम्तीमा प्रत्येक महिना नियमित बैठक बस्नेछ ।

(२) नियमित बैठक उपाध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ ।

(३) नियमित बैठकको अध्यक्षता उपाध्यक्षले गर्ने र उपाध्यक्षको अनुपस्थितिमा वरिष्ठ सदस्यले गर्नेछ ।

(४) नियमित बैठकमा दफा ३ को उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यको उपस्थिति अनिवार्य हुने छैन ।

(५) नियमित बैठकसम्बन्धी अन्य कार्यविधि बैठकका सदस्यले निर्धारण गरे बमोजिम हुनेछ ।

६. <u>आयोगको काम, कर्तव्य र अधिकारः</u> प्रचलित कानून बमोजिमका काम, कर्तव्य, अधिकारका अतिरिक्त आयोगको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमाः

(१) प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी कार्यान्वयनको लागि सिफारिश गर्ने,

(२) आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, अन्य प्राकृतिक स्रोत, मानव स्रोत व्यवस्थापन, सुशासन र व्यवस्थापन लगायतका क्षेत्रमा रणनीति, नीति तथा योजना तयार गर्ने,

(३) सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा प्रदेशस्तरका नयाँ विकास आयोजनाको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण समेत गरी परामर्श दिने,

(४) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने,

(५) प्रदेशमा रहेका स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रदेश मापदण्ड तयार गर्ने गराउने,

(६) अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा सोको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

(७) अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाको तर्जुमा गर्ने, गराउने,

(८) प्रदेश तथा अन्तर्राष्ट्रिय नीति संवाद तथा लगानी मञ्चको विकास, सञ्चालन, समन्वय र सहजीकरण गर्ने,

(९) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्ड अनुकूल प्रदेश तथ्याङ्क प्रणालीको विकास र सम्प्रेषण गर्ने, गराउने ।

(ख) अनुगमन तथा मूल्याङ्कनः

(१) प्रदेश विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरुमा लागू गरी संस्थागत गराउने,

(२) मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषयक्षेत्रगत नीति र प्राथमिकताप्राप्त कार्यक्रम तथा आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गराउने,

(३) अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदारबीच सञ्जालको विकास र यससम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने ।

(ग) तहगत समन्वयः प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने ।

(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषणः

(१) प्रदेशस्तरको कुनै नीतिको सान्दर्भिकता वा विकास योजनाका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने ।

(२) प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने,

(३) आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत, उर्जा, प्राकृतिक स्रोत व्यवस्थापन, सुशासन, व्यवस्थापन लगायत विभिन्न विषयगत

क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरु सिफारिस गर्ने ।

## परिच्छेद-३

## प्रदेश विकास परिषद

७. <u>प्रदेश विकास परिषद:</u> आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि एक प्रदेश विकास परिषद् रहनेछ ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | मुख्यमन्त्री | -अध्यक्ष |
| (ख) | प्रदेश सरकारका मन्त्रीहरु र मन्त्रीको कार्यभार सम्हाल्ने राज्यमन्त्रीहरु | -सदस्य |
| (ग) | प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता | -सदस्य |
| (घ) | प्रदेश सभाका समितिका सभापतिहरु | -सदस्य |
| (ङ) | उपाध्यक्ष तथा सदस्यहरु | -सदस्य |
| (च) | जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखहरु, स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरु, प्रचलित कानून बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्रलगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट कम्तीमा एक तिहाई महिला सहित प्रदेश सरकारबाट मनोनित पच्चीस जना | -सदस्य |
| (छ) | सचिव, प्रदेश नीति तथा योजना आयोगको सचिवालय | -सदस्य-सचिव |

८. <u>परिषद्को बैठक सम्बन्धी व्यवस्था:</u> (१) परिषद्को अध्यक्षको निर्देशनमा सदस्य-सचिवले परिषद्को बैठक बोलाउनेछ ।

(२) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ ।

(३) परिषद्को बैठक आवश्यकता अनुसार कुनै पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) परिषद्को निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(५) परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. <u>प्रदेश नीति तथा योजनाको स्वीकृति:</u> परिषद्को बैठकमा आयोगले तयार गरेको प्रदेश नीति तथा योजना छलफल भएपछि परिषद्को निर्देशन अनुसार प्रदेश सकारको स्वीकृतिको लागि पेश गरिनेछ ।

## परिच्छेद-४

## <u>उपाध्यक्ष तथा सदस्यको काम, कर्तव्य र अधिकार</u>

१०. <u>उपाध्यक्षको काम, कर्तव्य र अधिकार:</u> उपाध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगसँग सम्बन्धित काम समन्वयात्मक र प्रभावकारी ढङ्गले सम्पादन गर्ने गराउने,

(ख) प्रदेशको आर्थिक अवस्था, चालु योजना र प्राथमिकताका आयोजना र कार्यक्रमको कार्यान्वयनको प्रगति, समस्या र समस्या समाधानका उपायका बारेमा अध्यक्षलाई जानकारी गराउने,

(ग) आयोग वा अध्यक्षले तोकेका अन्य कार्य गर्ने, गराउने ।

११. <u>सदस्यको काम, कर्तव्य र अधिकार:</u> सदस्यको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गरी जानकारी गराउने,

(ख) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित क्षेत्रगत नीति, योजना तथा कार्यक्रमको प्रगतिको बार्षिक प्रतिवेदन तयार गरी पेश गर्ने,

(ग) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित अध्ययन अनुसन्धान गर्नुपर्ने विषय पहिचान गरी त्यस्तो विषयमा उपाध्यक्ष समक्ष सिफारिस गर्ने,

(घ) उपाध्यक्षले तोके बमोजिमका अन्य कार्य गर्ने ।

१२. <u>योग्यता:</u> देहायको योग्यता भएको व्यक्ति आयोगको उपाध्यक्ष वा सदस्यमा नियुक्त हुन सक्नेछ:-

(क) नेपाली नागरिक,

(ख) चालीस बर्ष उमेर पुगेको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र, मानविकी, व्यवस्थापन, कानून, सामाजिक विकास, पर्यावरण, विज्ञान, इन्जिनियरिङ्ग वा सार्वजनिक प्रशासन विधामा कम्तिमा स्नातकोत्तर उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश बर्षको अनुभव हासिल गरेको वा नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरी विकास, योजना, नीति अनुसन्धान, प्राज्ञिक वा व्यवस्थापनको क्षेत्रमा कम्तीमा दश बर्ष काम गरी विशिष्टता हासिल गरेको वा विश्वविद्यालयमा प्राध्यापक भइसकेको,

(घ) कुनै फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको,

(च) प्रचलित कानून बमोजिम अयोग्य नभएको ।

१३. <u>पद रिक्त हुने अवस्था:</u> देहायको अवस्थामा उपाध्यक्ष तथा नियुक्त सदस्यको पद रिक्त हुनेछ:-

(क) मुख्यमन्त्री आफ्नो पदबाट पदमुक्त भएमा,

(ख) प्रदेश सरकार समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

(ग) दफा १२ बमोजिमको योग्यता कायम नरहेमा,

(घ) प्रदेश सरकारले निजलाई पदमुक्त गरेमा, वा

(ङ) निजको मृत्यु भएमा ।

प्रदेश सरकार मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

१४. शपथः- आफ्नो कार्यभार सम्हाल्नु अघि उपाध्यक्ष र नियुक्त सदस्यले अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा पद तथा गोपनियताको शपथ लिनु पर्नेछ ।

१५. उपाध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधाः उपाध्यक्ष तथा नियुक्त सदस्यले सपथ ग्रहण गरेको मितिदेखि पारिश्रमिक तथा सुविधा क्रमशः प्रदेश सरकारका राज्यमन्त्री र सहायक मन्त्रीले पाए सरह पाउने छन् ।

तर उपाध्यक्ष र नियुक्त सदस्यले पाउने सवारी साधन, इन्धन, मोविल र ड्राइभर लगायतका सुविधा बापतको रकम निजले पाउने पारिश्रमिक बराबर हुनेछ ।

१६. एउटा सुविधा मात्र पाउनेः सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति उपाध्यक्ष वा सदस्यमा नियुक्त भएमा त्यस्तो निवृत्तभरण वा यस आदेश बमोजिमको सुविधामध्ये एउटा सुविधा मात्र पाउनेछ ।

१७. सुविधाको दुरुपयोग गर्न नहुनेः यस आदेशको विभिन्न दफाहरुमा उल्लेख भएका सुविधाहरु सम्बन्धित उपाध्यक्ष तथा सदस्य स्वयंले मात्र उपयोग गर्न पाउने छन् । उपाध्यक्ष वा सदस्यले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि सुविधाको दुरुपयोग भन्नाले माथि दफा दफामा तोकिए भन्दा बढी सुविधा लिने, व्यक्तिलाई सुविधा दिलाइदिने, योग्यता नपुगेको व्यक्तिलाई नियुक्ति दिने, गलत व्यक्ति वा कागजात खडा गरी सुविधा लिने, सरकारी धनमालको हानीनोक्सानी पुर्‍याउने लगायतका कार्यलाई बुझाउनेछ ।

१८. स्वीकृति लिनु पर्नेः (१) उपाध्यक्ष तथा सदस्यले कामको सिलसिलामा प्रदेश बाहिर भ्रमणमा जानु पर्दा उपाध्यक्षले अध्यक्षको र नियुक्त सदस्यले उपाध्यक्षको स्वीकृती लिनु पर्नेछ ।

(२) आयोगको कामको सिलसिलमा विदेश भ्रमण जानुपर्दा प्रदेश सरकारको स्वीकृति र नेपाल सरकारको सहमति लिनु पर्नेछ ।

(३) निजी कामको सिलसिलामा विदेश भ्रमणमा जानु परेमा उपाध्यक्षले अध्यक्षको र सदस्यले उपाध्यक्षको स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद-६

## सचिव, जनशक्ति तथा बजेट

१९ सचिव: (१) अध्यक्षको प्रत्यक्ष निर्देशन तथा उपाध्यक्षको सुपरिवेक्षणमा काम गर्ने गरी निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत आयोगको सचिव रहनेछ ।

(२) प्रचलित कानून र यस आदेशमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्ने,

(ख) प्रशासकीय काम कारवाहीलाई व्यवस्थित गर्ने, गराउने,

(ग) प्रचलित कानून बमोजिम विभागीय प्रमुखको हैसियतले गर्नु पर्ने कार्य गर्ने,

(घ) आयोगले तोकेका अन्य कार्य गर्ने, गराउने

२०. जनशक्ति तथा बजेटसम्बन्धी व्यवस्था:- (१) आयोगको काममा सहयोग गर्न आवश्यक संख्यामा कर्मचारी रहनेछन् ।

(२) आयोगको काम कारवाहीको लागि आवश्यक पर्ने कर्मचारी निजामती सेवाका विभिन्न सेवा, समूहका प्रशासकिय तथा प्राविधिक कर्मचारीहरु प्रदेश सरकारले उपलव्ध गराउने छ ।

(३) आयोगको लागि आवश्यक बजेट प्रदेश सरकारले उपलव्ध गराउने छ ।

## परिच्छेद-७

## विविध

२१. पालना गर्नु पर्ने: आयोगले नीति तथा योजनाको तर्जुमा, कार्यान्वयनको सहजीकरण, अनुगमन र मूल्याङ्कनका लागि निर्धारण गरेको नीति, रणनीति, निर्देशन तथा मापदण्डहरु योजना कार्यान्वयन गर्ने सम्बद्ध सबै निकायहरुले पालना गर्नु पर्नेछ ।

२२. <u>अधिकार प्रत्यायोजन:</u> आयोगले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपाध्यक्ष, सदस्य वा सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२३. <u>प्रतिवेदन पेश गर्ने:</u> (१) आयोगले प्रत्येक वर्ष वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगले वर्षभरिमा गरेका प्रमुख काम कारवाही र त्यसबाट हासिल भएका उपलब्धि, मुलुकको आर्थिक विकासका अवसर तथा सम्भावना र विकासका प्राथमिकता लगायतका विषय समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोगले पेश गरेको प्रतिवेदन प्रदेश सरकारले प्रदेश सभामा पठाउनेछ ।

(४) उपदफा (१) बमोजिमको प्रतिवेदन आयोगले सार्वजनिक गर्नेछ ।

२४. <u>प्रदेश सरकारसँग सम्पर्क:</u> आयोगले प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत राख्नु पर्नेछ ।

२५. <u>निर्देशिका, कार्यविधि तथा दिग्दर्शन बनाउन सक्ने:</u> यो आदेश कार्यान्वयन गर्न आयोगले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड तथा दिग्दर्शन बनाउन सकिनेछ ।

## अनुसूची

(दफा १४ सँग सम्बन्धित)

**<u>शपथको ढाँचा</u>**

म ....................................... मुलुक, प्रदेश र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापुर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रहँदै प्रदेशको ......................... पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक, प्रदेश र जनताको सोझो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराव भावना नलिई इमानदारीताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफुलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

नाम,थरः ..................................

दस्तखतः ..................................